# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष–२ | अंक–३६ | २०७४ चैत्र ७ गते बुधबार | 21 March 2018 Wednesday | मूल्य रु. १०/-

**विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै**

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

## ह्यातुङलाई हराउँदै कालिकोटको पचालझरना

**मिसन न्यूज**

**कालिकोट** - पचालझरना सदरमुकाम मान्मादेखि १८ कोस उत्तर(पूर्वमा रहेको राम्नाकोट खादुमा पदर्छ । झरना को लम्बाई ३८१ मिटर अग्लो रहेको छ । नेपालकै अग्लो मानिएको अर्को ३६५ मिटर उचाईमा रहेको ह्यातुङ झरनाभन्दा पचालझरना १६ मिटर बढी उचाई रहेको छ । पचालझरनाको लम्बाइ ३८१ मिटर अग्लो भएको जिल्ला प्राविधिक कार्यालयले प्रमाणित गरेको हो। जंगलको बीचबाट निस्केको पानीको छहराको दृश्य मनमोहक भय पनि पर्यटकीय विकास नहुँदा ओझेलमा परेको छ । घना जंगलको बीचमा पर्ने पचालझरना कर्णाली प्रदेशकै पर्यटकिय स्थलको रुपमा चर्चित छ। पचालझरना, धार्मिकस्थल पुगमालिकाबाट बग्ने पानीका मूल एकै ठाउँमा मिसिएपछि बनेको छ ।

पचालझरनाको नाममा नै पचालझरना गाउँपालिका नामांकन गरिसकिएको छ। हाल पचालझरना वडा नं. ३ स्थित खादु गाँउमा पर्ने ऐतिहासिक पर्यटकिय स्थलको रुपमा परिचित छ। पचालझरना देशको मात्र नभई यसियाकै अग्लो झरना भएको गाउँपालिकाले दावि गरेको छ। जिल्लाकै ऐतिहासीक रमणिय पर्यटकिय स्थल भएपनि गुमनामा रहेको पचालझरना नेपाल पर्यटन बोर्डको भने, दर्तामा छैन् । प्राविधिकले ल्याएको प्रतिवेदनको आधारमा पचालझरना नेपालकै सबैभन्दा अग्लो झरना पुष्टी भएको जिल्ला समन्वय समितिका प्रमुख अनिपाल शाहीले बताएका छन्।

पचाल झरनाको अहिलेसम्म औपचारिक नाप लिइएपछि आधिकारी रुपमा नेपालको अग्लो भएको गाउँपालिका अध्यक्ष खड्गराज सेजुवालले बताए । स्थानीय तह बनेसँगै पचालझरना गाउँपालिकाको पहलमा नाप लिइएको हो । पचालझरनाको वास्तविक उचाई ३८१ मिटर रहेको पाइएको गाउँपालिकाका अध्यक्ष सेजुवालले बताए । जिल्ला प्राविधिक कार्यालय कालिकोटका प्राविधिक कुलप्रसाद न्यौपान र पचालझरना गाउँपालिका प्राविधिक टेकबहादुर शाहीको टिमले झरनाको उचाईको नाप लिएको गाउँपालिकाले बताएको छ । २ वटा जिपिएसको सहायताबाट गत साउन ५ र ६ गते दुई दिनसम्म लगाएर नाप लिइएको थियो। 'हामीले दुई दिन लगाएर यसको नाप लिएका हौं' अध्यक्ष सेजुवालले भने, '२ वटा जिपिएसको सहयोगले तीन जना प्राविधिकले २ दिनमा यसको नाम लिँदा ३८१ मिटर पाइयो।' यस अघि नेपालको सबैभन्दा अग्लो मानिएको तेह्रथुमको ह्यातुङ झरनाको उचाई ३६५ मिटर मात्र छ । तर, ह्यातुङ भन्दा पचाल झरनाको उचाई १६ मिटर बढी अग्लो पाइएको हो । वास्तबिक उचाई पत्ता लागेसँगै यो झरना विश्वकै ३० अग्ला झरनाहरूमा परेको छ। स्थानीय तहको चुनाव अघिका प्रतिबद्धता अनुसार यहाँका जनप्रतिनिधिले पचालझरनाको विकासको लागि कार्यक्रम बनाएर बजेट विनियोजन गरेका छन् । झरनाको प्रचारका लागि पदयात्रासहित कार्यक्रममा नाप लिइएको अध्यक्ष सेजुवालले जानकारी दिए ।



राम्नाकोट खादुमा रहेको पचालझरना

**बाँकी ८ पृष्ठमा..**

## जनप्रतिनिधिको मस्ती, सेवाग्राहीको सास्ती

**मिसन न्यूज**

**कालिकोट–** कालीकोटका दुई वटा गाउँपालिका जनप्रतिनिधिहरु अध्ययन भ्रमण भन्दै स्थानीय तहको लाखौ रुपैयाँ खर्च गरेर भ्रमणमा निस्पिएपछि सेवाग्राही मर्कामा परेका छन्। आर्थिक वर्ष सकिन चार महिना मात्र बाँकी रहँदा स्थानीय तहमा कामको चटारो बढेपनि जनप्रतिनिधिहरु भने कर्मचारीसहित भ्रमणमा निस्किएका हुन् । आर्थिक वर्ष सकिन लागेको बेला स्थानीय तहको बजेट सक्न जनप्रतिनिधिहरु भ्रमणमा निस्किएको स्थानीयवासीको आरोप छ। शुभ कालिका गाउँपालिकाका अध्यक्षसहितको जम्बो टोली गाउँपालिकाको २० लाख रुपैयाँ लिएर अवलोकन भ्रमणमा गएपछि स्थानीयले बिरोध गरेका छन् । सरकारी कर्मचारीसहित जनप्रतिनिधिको जम्बो टोली भ्रमणमा निस्किएपछि गाँउपालिकाको दैनिक महत्वपूर्ण सेवा प्रवाहको कार्य रोकिएको तीला कर्णाली बहुमुखी क्याम्पसका स्वबियु सभापति भीमप्रसाद आचार्यले बताए।



**बाँकी ८ पृष्ठमा..**

## कर्णाली प्रदेशसभा र मन्त्रालयहरू सुनसान

**मिसन न्यूज**

**सुर्खेत** – मन्त्री-सांसद नहुँदा कर्णाली प्रदेशसभा र मन्त्रालयहरू सुनसान छन्। संविधानले प्रदेशसभाका सांसदलाई समेत राष्ट्रपतिरउपराष्ट्रपतिलाई चुन्ने अधिकार दिएपछि काठमाडौं पुगेका हुन् । मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय । अधिकांश सांसद फागुन तेस्रो सातादेखि उतै छन्। फागुन २७ मा काठमाडौं प्रस्थान गरेका मन्त्रीहरू उपराष्ट्रपति निर्विरोध निर्वाचित भइसक्दासमेत प्रदेश राजधानी फर्केका छैनन् । मन्त्रीहरू नफर्किंदा मन्त्रालयका सचिवलगायत उच्च कर्मचारीहरूले पनि प्रदेश राजधानी छाडेका छन् ।

मन्त्री-सचिव नहुँदा सातवटै मन्त्रालयहरू बिदाका दिनझैं सुनसान बनेका हुन् । मन्त्री काठमाडौं लागेसँगै सचिवहरू पनि विभिन्न कामको बहाना देखाउँदै मन्त्रालय छाडेका छन् । मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषदका प्रमुख सचिव सुरेश प्रधान, आर्थिक मामिला तथा योजना मन्त्रालयका ढुण्डीराज निरौला, उद्योग, पर्यटन, वन तथा वातावरणका विद्यानाथ झा, आन्तरिक मामिला तथा कानुनका केशवराज आचार्य काठमाडौंमा छन् । निरौला बजेट निर्माणसम्बन्धी ५ दिने तालिममा सहभागी हुन मन्त्रालयकै दुई शाखा अधिकृतसहित काठमाडौं गएका हुन्। प्रमुख सचिव प्रधानसहित मुख्यमन्त्री कार्यालयका कर्मचारीहरू कर्णाली प्रदेश सरकारले काठमाडौंमा आयोजना गरेको एक अन्तर्क्रियाको तयारीका लागि गएका हुन् । हाल कानुनतर्फका उपसचिव कलानिधि पौडेलले निमित्त प्रमुख सचिवको जिम्मेवारी सम्हालेका छन् । आर्थिक मामिलामा लेखा अधिकृत मदन मगराती निमित्त सचिव छन् । सुदूरपश्चिममा छन्। उनको भ्रमण टोली सोमबार फर्कदैछ । मन्त्रालय स्रोतले बतायो ।

## सम्पादकीय

### बन्द नगरियोस सेवा केन्द्र

नेपाल सरकारले हिंसा प्रभावित महिलाका लागि १७ जिल्लामा अल्पकालिन सेवा केन्द्र सञ्चालन गर्दै आएको छ । हिंसामा परेका महिलालाई तत्कालको लागि सुरक्षा र आवास सुविधा दिन सञ्चालन भएका ती अल्पकालिन सेवा केन्द्रहरू बन्द हुने स्थितीमा पुगेका छन् । महिला मन्त्रालय र अर्थ मन्त्रालयको समयमै समन्वय नहुँदा बजेट अभावले सेवा केन्द्र बन्द हुने स्थितीमा पुगेका हुन् । हिमाल, पहाड र तराई गरि भौगोलिक अवस्थाका आधारमा सेवा केन्द्रहरूमा क्रमशः ८, ७ र ६ लाख रुपैयाँ वार्षिक बजेट महिला बालबालिका मन्त्रालय मार्फत जाने गरेको थियो । चालु आर्थिक वर्षमा त्यो बजेट अर्थ मन्त्रालयले सिधै स्थानीय तहमा पठाइदियो । अर्थ मन्त्रालय र महिला मन्त्रालयको समन्वय नहुँदा कम्तिमा पनि अल्पकालिन सेवा पाइरहेका हिंसा प्रभावित महिला प्रत्यक्ष मारमा पर्ने देखिएको छ । पछिल्लो समय महिलामाथि हत्या, बलात्कार, घरेलु हिंसा, बोक्सी आरोप जस्ता घटना बढ्दै गएका छन् । बलात्कारमा परेका महिला त समाजबाटै विस्थापित हुने गरेका छन् । १५२० दिन मात्रै भए पनि सेवा केन्द्रमा बसेर न्यायको लागि पहल गर्न पाउँदा महिला असुरक्षाको जोखिम केही मात्रामा भए पनि कम हुन्छ ।

# निर्वाचनमा महिला र दीगो विकास लक्ष्यहरू

**शान्ता लक्ष्मी श्रेष्ठ**

नेपालकै इतिहासमा २०७४ साल निर्वाचन नै निर्वाचनको वष बन्यो । नेपालको संविधान २०७२ को भाग-५ मा उल्लेख भए अनुरुपको राज्यको संरचना संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गर्न यी तीनै तहको निवार्चन एकै वर्षमा सम्पन्न भएका छन् । निर्वाचन लोकतन्त्रको आधार स्तम्भ हो । यसमा सहभागि हुन पाउनु महिला, पुरूष, र विभिन्न लिङ्गका सबै नागरिकहरूको अधिकार हो । आ–आफनो प्रतिनिधि स्वइच्छाले स्वतन्त्ररुपले चुनिन र चुन्न पाउनु सबै नागरिकको नागरिक र राजनैतिक मानव अधिकार हो । सबै लिङ्ग, सबै जातजाती, धर्म, वर्ण, विभिन्न भौगोलिक स्थिति र स्थानको, विभिन्न उमेरका, सबैले आ–आफ्नो सवाल उठान आ–आफ्नो ठाउँबाट गर्न, नीति निर्माण, कार्यान्वयन, अनुगमण र मुल्यांकण गर्ने स्थानमा सहभागी हुने अवसर पाउने हुनु, कुनै एक लिङ्ग, वर्ग, जातजाती, धर्म र भौगोलिक क्षेत्रको मानिसहरूको मात्र अधिपत्य नहुनु, सबैले समानरुपले समानुपातिक र समावेशिरुपले नीति निर्माणको पुरै चक्रमा सहभागि हुने स्थिति श्रृजना गर्नु लोकतन्त्रको दरिलो र दिगो जग हो । दक्षिण एसियामै महिला मैत्री संविधान भनि कहलिएको यस संविधानले स्थानीय तहमा महिला सदस्यको समावेशि सहभागिता तिनै तहको राज्य संरचनामा कम्तीमा एक तिहाई अनिवार्य गरिएको छ । यसर्थ यस व्यवस्थालाई कार्यान्वयनका लागि गर्नुपर्ने निर्वाचन विगतको भन्दा महिलामय भई नेपालमा मात्र होइन दक्षिण एसिया र विश्वमा नै एक नबिन उदाहरण बन्न सफल भएको छ ।

स्थानीय निर्वाचन खास गरेर बडा समितिको लागि भएको निर्वाचन महिलामय भएको थियो । नेपालको इतिहासमा पहिलो पटक वडा समितिमा एकजना दलित महिलासहित दुई महिला वडा सदस्य अनिवार्य गरिएको र अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुखको पदमा एकै लिङ्गको ब्यक्तिलाई दलहरूले उम्मेदवारी दिन नपाउने व्यवस्था संविधानले गरेका हुनाले पनि निर्वाचन महिलामय हुन गएको थियो । कति दलहरूले त दलित महिला सदस्यका लागि उम्मेरवार नै दिन सकेनन् । जेहोस् नेपालको संविधान २०७२ को भाग-५ मा उल्लेख भए अनुरुपको राज्यको संरचना गर्न र संविधानको भाग १७ मा व्यवस्था भएअनुरुप भएको निर्वाचन महिलाको अत्यधिक सहभागीताका साथ सम्पन्न भई विभिन्न दलहरूबाट गरी करिब ४१ प्रतिशत महिला निर्वाचित भएका छन् । नेपालको संविधान २०७२ लागु भए पश्चात सम्पन्न भएको यो निर्वाचनले लैङ्गिक उत्तरदायी शासन व्यवस्थाका लागि एक आधार तयार गरेको छ र संघीयताको प्रथम खुड्किला निर्माण भएको छ ।

स्थानीय तहमा यति महिला निर्वाचित हुनु भनेको एक प्रकारको छलाङ्ग मार्नु नै हो । जेहोस् नगरपालिकाको प्रमुख र गाउँपालिकाको अध्यक्ष जस्तो स्थानिय तहको उच्च पद (७५३) मा २ प्रतिशत र गाउँपालिकाको उपाध्यक्ष र नगरपालिकाको उपप्रमुख पदमा ९१ प्रतिशत तथा वडाध्यक्ष (६७४२) मा १ प्रतिशत र खुला वडा सदस्यहरू ( १३,४८४) मा २ प्रतिशत समेत गरी जम्मा ४१ प्रतिशत, महिला स्थानिय तहको लागि निर्वाचित भए । **प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७४ मा महिला** नेपालको संविधान २०७२ मा व्यवस्था गरे अनुरुप सबै तहको निर्वाचन माघ ७ गते २०७४ भित्रै गर्नुपर्ने व्यवस्था अनुसार प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन पनि सम्पन्न भए । प्रदेश सभा निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट ३३० पद र समानुपातिक निर्वाचन प्रणालीबाट २२० पदको लागि निर्वाचन भएको थियो । उक्त ३३० संख्याका लागि भएको निर्वाचनमा केवल १४ जना (४ प्रतिशत) मात्र निर्वाचित भए । प्रत्यक्ष निर्वाचनमा महिलाको कम उम्मेदवारी दिइनु नै दुःखद कुरा हो ।

नेपालको संविधानको भाग १४ ले प्रदेशसभामा कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने वाध्यात्मक व्यवस्था गरेकाले प्रत्यक्षतर्फ महिलाले कम अवसर पाए पनि समानुपातिक निर्वाचन प्रणालीको माध्यमबाट एक तिहाइ भने पुऱ्याइएको छ । मुलुकको नयाँ संरचनाको प्रदेशमा महिलाको यो उपस्थितिलाई ऐतिहासिक मान्नुपर्छ र महिलाले पनि आफ्नो भूमिका अब सशक्त देखाउनुपर्छ ।

त्यस्तै प्रतिनिधिसभातर्फमा पनि महिलाको उम्मेदवारी नै कम दिइएका कारणले निर्वाचित कम भए । यद्यपि एकतिहाइ हुनुपर्ने व्यवस्थाले समानुपातिकबाट महिला आएका छन् । राष्ट्रिसभामा पनि त्यसैको अनुपातमा महिला आएका छन् । राष्ट्रियसभामा मनोनित हुने ३ जनामा पनि एकजना महिला पर्नुपर्ने व्यवस्था अनुसार परेको छ । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट ८ जना सदस्य (महिला ३, दलित १, अपांगता/अल्पसख्यक १, अन्य ३) चुनिने व्यवस्था पनि लागू भइसक्यो । यो नेपालीको लागि गौरवको कुरा हो भने दिगो विकास एजेण्डा र सन् २०३० सम्ममा लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने दिगो विकासको लक्ष्य ५ प्राप्तीको लागि शुभ संकेत हो । सो लक्ष्य प्राप्तीका लागि ९ वटा उद्देश्य निर्धारण गरिएको छ ।

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
सम्पादकःपवित्र शाही
प्रवन्ध सम्पादकःनिर्मला शाही
सह–सम्पादकःपंखबहादुर मल्ल
कम्प्युटर अप्रेटरःदिलिपकुमार शाही
बजार ब्यवस्थापकःविक्रम शाही
कार्यालयः खाडाचक्र नपा–१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रणः ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साँझ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# कर्णाली प्रदेशमा आन्तरिक स्रोतबिनाको बजेट बन्दै

**नगेन्द्र उपाध्याय**

सुर्खेत - स्थानीय स्रोत जुटाउने कुनै उपाय नभएपछि कर्णाली प्रदेशले संघीय सरकारले पठाएको एक अर्ब रुपैयाँलाई आधार मानेर चालु आर्थिक वर्षको बजेट बनाउने भएको छ। मुलुक संघीयतामा जाँदा स्रोतले धान्ने नधान्ने र प्रदेशहरु आर्थिक रुपमा सक्षम हुने, नहुने बहस भइरहेको छ। कर्णाली प्रदेशको आफ्नो स्रोतबिनाको बजेट बनाउने तयारीले यो बहसलाई फेरि सतहमा ल्याएको छ। ठूलो भूगोल र कम जनसंख्या भएको कर्णाली प्रदेश सरकारले संघीय सञ्चित कोषबाट प्राप्त एक अर्ब रुपैयाँबाट विभिन्न १२ वटा विषयत क्षेत्र समेटेर बजेट सार्वजनिक गर्न लागेको हो। चालु आर्थिक वर्षको चैतदेखि असारसम्मको लागि प्रदेश सरकारले पहिलोपटक बजेट सार्वजनिक गर्दैछ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले स्थानीय स्रोत नभएकाले संघीय सञ्चित कोषबाट प्राप्त एक अर्ब रुपैयाँलाई नै आधार मानेर बजेट बनाइरहेको छ। बजेट चैत १५ भित्र सार्वजनिक गर्ने तयारी मन्त्रालयले गरेको छ। अन्तरदेशीय भन्सार र ठूला उद्योग नभएकाले कर्णाली प्रदेशबाट सबैभन्दा कम राजस्व संकलन हुन्छ। अघिल्लो आर्थिक वर्षमा कर्णाली प्रदेशका १० जिल्लाबाट कर तथा गैरकर शीर्षकमा एक अर्ब १६ करोड ४८ लाख ७२ हजार चार सय ४६ रुपैयाँ मात्रै राजस्व संकलन भएको देखिन्छ। 'संघीय सरकारबाट प्राप्त बजेट प्रदेश सरकारको भिजनभित्र समेटिएका विभिन्न १२ वटा विषयलाई समेटेर विनियोजन गर्ने काम भइरहेको छ,' आर्थिक मामिला तथा योजना मन्त्रालयका निमित्त सचिव मदन मगरातीले भने, 'ढिलोमा चैत १५ भित्र प्रदे सरकारले पहिलो नियमित बजेट सार्वजनिक गर्छ।' आधारभूत विकास, खाद्यान्नमा आत्मनिर्भरता, कृषिमा आधुनिकीकरण, पर्यटन विकास, जल, जमिन, जडीबुटी, जंगल र जनशक्तिको अधिकतम उपयोग, एकीकृत बस्ती निर्माण, स्थानीय सडक विस्तार, प्रत्येक स्थानीय तहमा सडक सञ्जाल र विद्युतीकरण, शैक्षिक संस्थाको



सुदृढीकरण, सबै जिल्लामा सुविधा सम्पन्न अस्पताल, पर्यटनको विकासका लागि धार्मिक तथा प्राकृतिक क्षेत्रको विस्तार र कर्णालीलाई ग्रिन प्रदेशका रुपमा विकास गर्ने उद्देश्य प्रदेश सरकारको छ।

'यिनै उद्देश्य परिपूर्ति गर्ने हिसाबले बजेट बाँडफाँट भइरहेको छ,' उनले भने, 'प्रदेशको आन्तरिक आय नभएकाले संघीय सञ्चित कोषबाट प्राप्त बजेटलाई आधार मानेर काम गरिरहेका छौं।' यसका साथै प्रदेश सरकारले स्थानीय आवश्यकता र विभिन्न मन्त्रालयले पेस गरेका कार्यक्रमका आधारमा रहेर पनि बजेट विनियोजन गर्नेछ। छिमेकी भारतमा पनि आन्तरिक स्रोतमा कमजोर कतिपय राज्यलाई संघीय सरकारले अनुदान उपलब्ध गराउने गरेको छ।

एक अर्ब १६ करोड वार्षिक राजस्व

कर्णाली प्रदेशमा एक आर्थिक वर्षमा कर तथा गैरकरबाट एक अर्ब रुपैयाँ हाराहारी राजस्व संकलन हुने गरेको पाइएको छ। सबैभन्दा ठूलो भूगोल र सबैभन्दा कम जनसंख्या भएको कर्णाली प्रदेशमा अघिल्लो आर्थिक वर्षमा कर तथा गैरकरमार्फत एक अर्ब १६ करोड ४८ लाख ७२ हजार चार सय ४६ रुपैयाँ राजस्व संकलन भएको अभिलेख छ।

'पछिल्ला तीन आर्थिक वर्षमा १० जिल्लाबाट संकलित कर र गैरकर हेर्दा एक अर्ब हाराहारीमा राजस्व संकलन भएको देखिन्छ,' आर्थिक मामिला मन्त्रालयका लेखा अधिकृतसमेत रहेका मगरातीले भने, 'भन्सार, ठूला उद्योग नभएकाले अरु प्रदेशको भन्दा धेरै न्यून राजस्व संकलन हुने गरेको छ।' प्रदेशका १० जिल्लामध्ये सबैभन्दा धेरै राजस्व सुर्खेतबाट संकलन हुन्छ। आर्थिक वर्ष ०७३/७४ मा सुर्खेतबाट ५८ करोड ३७ लाख ७६ हजार एक सय २० रुपैयाँ कर तथा गैरकर संकलन भएको तथ्यांक छ। सबैभन्दा कम रुकुम पश्चिमबाट एक करोड ५५ लाख ३७ हजार चार सय ५० रुपैयाँ संकलन भएको छ। कर्णाली प्रदेशको जुम्ला जिल्ला कर संकलन दोस्रो जिल्ला हो। यहाँ अघिल्लो आर्थिक वर्षमा १२ करोड १६ लाख ८६ हजार दुई सय नौ रुपैयाँ संकलन भएको छ।

दैलेखमा नौ करोड २७ लाख ६२ हजार नौ सय ७८ रुपैयाँ संकलन भएको छ।यस्तै सल्यानमा आठ करोड ११ लाख ६२ हजार एक सय ५९, जाजरकोटमा सात करोड २० लाख ८६ हजार चार सय ९९, कालिकोटमा ६ करोड ३० लाख ५६ हजार आठ सय चार, डोल्पामा पाँच करोड ४३ लाख ४६ हजार सात सय ६६, हुम्लामा चार करोड ५४ लाख ३३ हजार तीन सय २२ र मुगुमा तीन करोड ५० लाख २४ हजार एक सय ३९ रुपैयाँ कर तथा गैरकर संकलन भएको छ।

**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**

**कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन**
**कार्यालय कालीकोट**

## मनोरञ्जन

# प्रदेश आईडलबाट टप टेन छनौट





कर्णाली प्रदेश आइडलमा १० जना छनौट भएका छन् । शनिबार भएको ट्र्याक राउन्डमा अघिल्लो राउण्डबाट छनौट भएका १३ मध्य १० जना छनौट भएका हुन् ।

निर्णायक मण्डल र लाइभ भोटिङ्ग गरी १० प्रतिस्पर्धी छानिएको सिङ्गारो म्युजिक प्रा.लि.का अध्यक्ष रमेश सापकोटाले जानकारी दिए । ट्र्याक राउन्डमा छानिएका १० प्रतिस्प्रर्धीहरु लागि एसएमएस भोटिङ्ग आजदेखि खुला गरि एको उनले बताए ।

ट्र्याक राउन्डमा छानिएका प्रतिस्पर्धीमा सावित्री अधिकारी, महेन्द्र बिक, बिराज थापा मगर, हिक्मत शाही, रवी ओड, सागर हमाल, पेमा सन्दुक लामा, खाँडजी परियार, आशिष बुढा र खगिसरा शाही छन् ।

ट्र्याक राउन्डमा छानिएका प्रतिस्पर्धी एसएमएस भोटिङ्गबाट छनौट भएर आगामी चैत्र १० गते हुने टप एट छनौट हुने सिङ्गारो म्युजिक प्रा.लि.का प्रवन्धक निर्देशक विशाल ढकालले जानकारी दिए । कर्णाली प्रदेशमा लुकेर रहेका प्रतिभा उजागरका लागि आयोजना गर को प्रदेश आइडल कार्यक्रममा प्रथम हुनेलाई नगद रु. तीन लाख, दोस्रोलाई दुई लाख, तेस्रोलाई एक लाख र चौथोले पचास हजार पुरस्कार रहेको आयोजकले जनाएको छ ।

## स्वास्थ्य

# दाँत स्वस्थ मात्र होइन, सुन्दर पनि हुनुपर्छ

दाँत, शरीरको यो हिस्सा बहुउपयोगी छ। दाँतको सम्बन्ध मूलत, दुई कुरासँग छ। एक स्वास्थ्य, दोस्रो सौन्दर्य ।

पहिलो कुरा, दाँतको मूख्य काम खानेकुरा चपाउनु हो । यसर्थ दाँतको सम्बन्ध सम्पूर्ण शारीरिक स्वास्थ्यसँग पनि छ । किनभने जब दाँतले राम्ररी चपाएर खाइन्छ, तब पाचन प्रक्रिया सहज रुपले हुन्छ । भनिन्छ, खानेकुरा राम्ररी चपाएर खानुपर्छ ।

राम्ररी चपाएर खानेकुरा सेवन गर्दा त्यसमा रहेको पोषक तत्व शरीरले सहज रुपमा ग्रहण गर्छ । पाचन यन्त्रलाई अनावश्यक भार पर्दैन । यसरी खानेकुरालाई टुक्रा(टुक्रा गर्नका लागि बलियो दाँत चाहिन्छ । बलियो दाँत मात्र भएर पनि पुग्दैन, सफा र स्वस्थ्य पनि हुनुपर्छ। किनभने दाँत फोहोर भयो भने हामीले जे(जति खानेकुरा खान्छौं, त्यो सबै दुषित हुन्छ। मुखमा खानेकुरा चपाउन थालेपछि त्यो सफा हुनुपर्छ। यसका लागि मुख तथा दाँत पनि सफा हुनुपर्छ ।दोस्रो कुरा, कवि, कलाकारले सौन्दर्यको वर्णन गर्दा दाँतको प्रसंग पनि उल्लेख गर्ने गर्छन् । कुनै युवती वा युवक राम्रो छ भनेर पुष्टि गर्नका लागि उनीहरुको दाँतको पनि व्याख्या गरिन्छ । 'मिलेका दाँतका पंक्ति', 'अनारदाना जस्तै मिलेका दाँत' यस्तै(यस्तै । दोहोर्‍याइरहनु परेन, दाँत सौन्दर्यकै एउटा हिस्सा हो । समग्र अनुहारकै सौन्दर्यमा दाँतको अहंम् भूमिका हुन्छ। नमिलेका, फोहोर, दुर्गन्धित दाँतले सौन्दर्य नै बिगारिदिन्छ । दाँतलाई कसरी आकर्षक र बलियो बनाउने ? दाँतलाई आकर्षक राख्नुपर्छ। बलियो पनि। दुबैको लागि अरु केही गर्नुपर्दैन, केवल सरसफाईमा ध्यान दिए हुन्छ । दाँत त्यसबेला खराब हुन्छ, जब त्यसको सरसफाईमा ख्याल गरिदैन। खानेकुरा खाएपछि त्यसको टुक्रा दाँतमा रहन्छ। खानेकुराको लेउ दाँतमा टाँसिएर बस्छ । यस्ता टुक्रा तथा लेउलाई हटाउनुपर्छ । त्यसको लागि सजिलो र प्रचलित **उपाय हो, दाँत ब्रस गर्नु** ।-खाना खाएपछि ब्रस गर्नुपर्छ। सामान्यतः हामी दिनमा दुई पटक भात खान्छौं। बिहान र बेलुकी। खाना खाइसकेपछि दुई पटक नै दाँत ब्रस गर्नुपर्छ। दिनभर खाजा, नास्ता गरेपछि ब्रस गरिरहने अनुकुलता नमिल्न सक्छ। त्यसैले कुनैपनि खानेकुरा खाइसकेपछि सफा पानीले मुख कुल्ला गर्नुपर्छ ।तर, **हामी गल्ती गर्छौं** हामी धेरैजसो बिहान उठ्नसाथ ब्रस गर्छौं । हामीलाई लाग्छ, उठेपछि मुखको गन्ध हटाउन ब्रस गर्नुपर्छ । तर, यतिबेलासम्म राती खाएको खानाको टुक्रा सड्ने, गल्ने, कुहिने प्रक्रिया सुरु भइसकेको हुन्छ । दाँतमा जिवाणुहरु फैलिइसकेको हुन्छ। त्यसैले बिहान दाँत ब्रस गर्नुको खास अर्थ छैन ।

खाना खाइसकेपछि ब्रस गर्नु सबैभन्दा उपयोगी तरिका हो । खाना खाएपछि दाँतमा अल्एको खानेकुराको टुक्रा, लेउ आदि हटाउनका लागि ब्रस गर्नुपर्छ ।

लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण
प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट
नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।
नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

प्रकोप र महामारी सम्बन्धमा
नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# अब कर्णालीमै शहरको भन्दा राम्रो उपचार

**मिसन न्यूज**

कालिकोट : रोग, भोक अशिक्षा र स्वास्थ्य उपचारले भौतारिने कर्णालीवासीले अब भने कर्णाली नै बिशेषज्ञ उपचार पाउने भएका छन् । सामान्य बिरामी हुँदा उपचारका लागि सुर्खेत, नेपालगंज र काठमाडौं जानुपर्ने कर्णालीवासीका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाले कर्णालीमा नै बिषेशज्ञ उपचार सेवा दिन थालेको हो । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले कर्णालीको हुम्ला, डोल्पा र जुम्लामा विशेषज्ञ चिकित्सक नै बसेर सेवा संचालन गर्दै आइरहेको छ भने, मुगु र कालिकोट जिल्लामा महिनाको दुई पटकसम्म जिल्ला अस्पतालमै पुगेर विशेषज्ञ सेवा दिँदै आएको छ। जाजारकोट जिल्लामा पनि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाले विशेषज्ञ सेवा संचालन गररिहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान


कर्णाली स्वास्थ्या विज्ञान प्रतिष्ठान

जुम्लाका शिक्षण अस्पताल जुम्लाका निर्देशक धर्मराज गोसाईले बताए । 'सामान्य चोटपटकको उपचारका साथै जटिल खालको शल्यक्रिया कर्णालीमै हुने गरेको छ,' उनले भने, 'अब सामान्यदेखि जटिल उपचारका लागि कर्णालीबासीले कतै भौतारिनु पर्दैन् ।' समयमा कर्णालीबाटै विशेषज्ञ सेवा सुरु भए पनि स्वास्थ्य अवस्थामा अपेक्षित सुधार हुँदै आएको गोसाई बताए। 'विशेषज्ञ सेवाका लागि निश्चित कार्यतालिका बनेको छ,' उनले भने, 'आवश्यक परेमा कार्यतालिका भन्दा बढी पटक पनि विशेषज्ञ सेवा प्रदान हुँदै आएको छ ।' कर्णाली प्रदेशका कुनै पनि जिल्लामा महामारी फैलन सक्ने संकेत देखिने बित्तिकै विशेषज्ञ सहितको स्वास्थ्यकर्मीको टोली परिचालन गर्दै आएको अस्पताल निर्देशक गोसाईले बताए । 'कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुनुअघि जुम्लामा कर्णाली अस्पताल थियो। कर्णाली अस्पतालमा चिकित्सक नबस्ने र अहेब, स्टाफ नर्स बस्नाले ठूलो प्रकारको रोगको पहिचान हुन नसकी बाध्य भएर सामान्य खालका बिरामी रेफर हुने गरेको थिए,' उनले भने,'तर, पछिल्लो समयमा कणालीमा बाहिरका बिरामी उपचार गराउन आउने खालको वातावरण सृजना भइरहको छ।' विशेषज्ञ सेवालाई कर्णाली प्रदेशको सबै जिल्लामा पुर्रुयाउने लक्ष्य रहेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाका रजिष्ट्रर विश्वराज काफ्लेले बताए । 'अहिले स्टाफ, नर्स र एचएको पढाइ भइरहेको छ, केही वर्षपछि एमबिबिएस पढाइ गर्ने जमर्को हुँदैछ,' उनले भने,'अबको दश बर्षमा चिकित्सक उत्पादन गर्ने कारखानाका रूपमा कर्णालीलाई लिन सकिने छ।' कर्णालीलाई मेडिकल राजधानीका रुपमा स्थापित गर्न प्रदेश सरकारले पहल गरेको खण्डमा कर्णाली क्षेत्रको विकासमा निकै ठूलो योगदान पुग्न सक्ने निर्देशक गोसाईले बताए। '२०६८ सालमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल

बाँकी ८ पृष्ठमा..


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि
स्वास्थ्य परिक्षण गरौ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ
नखाउा र नखुऔ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ,
सफा र स्वस्थकर तरिका अपनाऔ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि
मात्र खाऔ ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट



## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट



## सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौ, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र

सिंचाइ विकास सव डिभिजन कार्यालय
कालिकोट



उच्च ज्वरो आउने, खोकी लाग्ने, घाटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउनुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला स्वास्थ्य कार्यालय कालिकोट

# अन्तराष्ट्रिय न्यूज

## बंगलादेशमा विपक्षी नेतृ जियालाई अदालतले दिएन जमानत



ढाका- बंगलादेशको उच्च अदालतले थुनामा रहेकी यहाँकी विपक्षी दलकी नेत्री खालिदा जियाले गरेको जमानतमा रिहाइको अपिल अस्वीकार गरेको छ । सोमबार सो अदालतले उक्त अपिल अस्वीकार गरेको हो । उनलाई हाल भ्रष्टाचारको अभियोगमा अनुसन्धानका लागि थुनामा राखिएको छ। अदालतको यो निर्णयसँगै बंगलादेशको राजनीतिक संकट झनै गहिरिएको छ । आगामी डिसेम्बरमा हुन लागेको आमनिर्वाचन अघि नै उनलाई जमानतमा रिहा गरिएमा निर्वाचनको समयमा सहजता हुने अपेक्षा गरिएको थियो । यहाँको उच्च अदालतको यो निर्णयसँगै विपक्षीहरु पनि क्रुद्ध बनेका छन् । जियाको विपक्षी दल बंगलादेश नेशनालिस्ट पार्टीका महासचिव फकरुल इस्लाम अलामजिरले यो निर्णय अदालतको राजनीतिक निर्णय हो भनेका छन् । उनले निर्वाचनसम्म नै बंगलादेशका प्रधानमन्त्रीले विपक्षी नेतालाई जेलमै राख्न खोजेको अदालतको यो फैसलाबाट देखिएको आरोप पनि लगाएका छन् । त्यस्तै विपक्षी नेत्री जियाका वकिलले पनि अदालतको सो आदेश राजनीतिबाट प्रेरित भएको आरोप लगाएका छन् । उनका वलिक सनउल्लाह मियाँले भनेका छन्- 'यो बंगलादेशको इतिहासमा नै कहिल्यै नभएको आदेश अदालतबाट आएको छ, यो पनि राजनीतिक निर्णयबाट प्रभावित भएको देखिएको छ ।' उनलाई तल्लो अदालतले आगामी मे महिनासम्मका लागि जमानतमा रिहा गर्न मिल्ने आदेश दिएको थियो । त्यस आदेशका विरुद्धमा यहाँका भ्रष्टाचार नियन्त्रण हेर्ने निकाय उच्च अदालत गएको थियो ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखवर गाउँदेखि सहर ।**

MISSION

# मिसन न्यूज
## राष्ट्रिय साप्ताहिक

www.missionenews.com

# वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

## वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

## वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२

# महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |

| | |
|---|---|
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# कृषक महिलाले बाली विरुवामा विषादीको मात्रा घटाउँदै

**मिसन न्यूज**

**कैलाली** - कैलालीका महिला कृषकहरुले बालीमा मानव स्वास्थ्यका लागि खतरापुर्ण मानिएको रासायनिक विषादीको प्रयोग कम गर्न थालेका छन् । उनीहरुले आफ्नो बालीमा रासायनिक विषादीको सट्टामा जैविक (घरेलु) विषादी तथा झोल मलको प्रयोग गर्न थालेका हुन् । महिला कृषकहरु रसायनिक विषादी र मलको प्रयोगमा न्युनीकरण, शत्रु जीव नियन्त्रण तथा मित्र जीव संरक्षण गरी स्वस्थ बाली उत्पादन गर्न महिला किसानहरु घरेलु विषादी प्रयोग गर्न थालेका कृषि सेवा केन्द्र टीकापुरले जनाएको छ । टीकापुर नगरपालिका २ सय ५ कृषक समूह छन् । जसमा एक सय ७५ वटा महिला कृषक मात्रै भएका समूह छन् । महिला कृषक मात्रै भएका समूहमा ३ हजार ४ सय ८५ महिला आबद्ध छन् । केन्द्रका अनुसार उनीहरु सबैले शत्रु जीव नियन्त्रण तथा मित्र जीव संरक्षण गरी स्वस्थ बाली उत्पादन गर्ने गरेका छन् । एकीकृत शत्रु जीव व्यवस्थापन (आईपीएम) कृषक पाठशाला सञ्चालन भएपछि महिला कृषकहरु घरेलु विषादी तथा आफैले झोल मल बनाई



अग्रानिक खेतिमा विषदीको प्रयोगमा न्यौन कृषिमा कृषक महिलाको भुमिका

प्रयोगमा ल्याउन थालेका छन् । टीकापुर कृषि सेवा केन्द्रका प्रमुख गौरीशंकर गुप्ताका अनुसार २०६९ सालबाट टीकापुरमा एकिकृत शत्रु जिव व्यवस्थापन (आईपीएम) कृषक पाठशाला सञ्चालन भएको हो ।

सुरुमा जिल्ला कृषि कार्यालय मार्फत् रहेको कृषक पाठशाला ५ वर्षदेखि रानी जमरा कुलरिया सिचाइ आयोजना कृषिले सञ्चालन गरेको छ । 'कृषक पाठशाला भनेको विद्यालय जस्तै हो । विद्यालयमा पनि धेरै पढ्छन् तर उत्कृष्ट थोरै विद्यार्थी हुन्छन् । यहाँ पनि पाठशालामा सहभागी केही किसान उत्कृष्ट भएका छन् बाँकीले आफूलाई आवश्यक पर्ने तरकारी आफैले उत्पादन गरेर खानेसम्म गरेका छन् ।' प्रमुख गुप्ताले भने । ६ वर्षअघि आइपीएम पाठशालामा सहभागी भएकी टीकापुरको आम्बासाकी फूलमती चौधरी अहिले महिनाको ३५ हजार कमाउँछिन् । चौधरीले १८ कट्ठा जमिनमा तरकारी खेती गर्छिन् । उनको ८ कट्ठा जमिन छ बाँकी १० कट्ठा भाडामा लिएर मौसमी तथा बेमौसमी तरकारी खेती गर्छिन् । उनले भनिन् 'तरकारी किन्ने घरमै आउँछन् । रासायनिक बिषादी विनाको तरकारी २ रुपैया महंगोमा बेचेपनि लिनेको लाइन लाग्छ ।'उनले पाठशालामा सहभागी भएपछि आफ्नो जीवन फेरिएको बताउँदै भनिन् 'घरपरिवार सबैले काम पाएका छौं । कहिलेकाही अरुलाई पनि रोजगारी दिन्छु ।' टीकापुरको बन्दिरपुरकी गुलावी चौधरीको पनि मासिक २० हजार रुपैयाँ बढी आम्दानी हुन्छ । उनले रासायनिक विषादीको प्रयोग गर्न छोडेकी छिन् । पाठशालामा सहभागी हुनुअघि रासायनिक विषादीको मात्रै प्रयोग गर्ने गुलावी हाल जैबिक विषादी मात्रै प्रयोग गर्छिन् । उनले ५ कट्ठा जमिनमा मात्रै तरकारी खेती गर्छिन् तर उनको घर चल्नुका साथै केही आर्थिक जोहो समेत भएको बताइन् । उनले भनिन् 'हरेक साताको ४ दिन हाटबजारमा तरकारी लगेर बेच्छु । महिनामा २० हजारसम्म कमाइ हुने गरेको छ ।'

आईपीएम कृषक पाठशालाबाट रासायनिक मल र विषादीको प्रयोगबाट हुने असरबारे जानकारी पाएपछि घरेलु विषादी र मल उत्पादन गर्न थालेको टीकापुर २ स्थित असल आमा आइपीएम कृषक पाठशालका अध्यक्ष सुशीला चौधरीले बताइन् । बाली विरुवामा रोग किरा देखा परे रासायनिक विषादीको प्रयोग गरिन्थ्यो । जसले स्वास्थ्य मात्र

**बाँकी ८ पृष्ठमा..**


## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आगन सफा राखौं, किटजन्य रोग भगाऔं**
**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइदिएपछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

(सब–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सब–डिभिजन कार्यालय कालिकोट

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाझोँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

## कृषक महिला...............

हैन वातावरणमा समेत असर पार्दो रहेछ। अब रासायनिक नभई घरायसी विषादीको प्रयोग गर्न थालेका छौं।' टीकापुर नगरपालिकाले पनि अहिले विभिन्न ८ स्थानमा कृषक पाठशाला संचालन गरेको छ। नगरपालिकाले काउली, आलु, टमाटर बालीमा एकिकृत शत्रुजीव व्यवस्थापन (आइपीएम) कृषक पाठशाला संचालन गरेको हो।

## शहरको भन्दा .....

जुम्लाको स्थापना भएसँगै यहाँका बिर ामी रिफर हुन छाडेका छन्।' अहिले कर्णालीमा हाडजोर्नी, एनएसथेसिया, मेडिसिन, अर्थो, एमडिजीपी, गाइनो, बालरोग विशेषज्ञ र जनरल सर्जन लगायतका सेवा प्रदान हुँदै आएको गोसाईले बताए। 'कर्णालीका पाँच, दैलेख, अछाम, बाजुरा र जाजरकोट जिल्लालाई शिक्षण अस्पतालले कार्यक्षेत्र वनाएको छ,' उनले भने। अहिले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा विशेषज्ञ चिकित्सक १६ जना, मेडिकल अफिसर १६ जना लगायत प्रतिष्ठानमा १ सय १५ जना कर्मचारी कार्यरत र हेका छन्।

## जनप्रतिनिधि............

गाउँपालिकाका जिम्मेवार व्यक्तिहरु भ्रमणमा जाँदा काम प्रभावित भएको भन्दै आचार्यले आपत्ति प्रकट गरे। जनप्रतिनिधिहरुले भने सिकाइ आदानप्रदानका लागि भ्रमणमा निस्किउको बताएका छन्। जिल्लाको खाँडाचक्र नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी पनि अवलोकन भ्रमणमा निस्केका छन्। २९ जनाको टोलीसहित पोखरा, पाल्पा, लुम्बिनी लगायतका क्षेत्रमा भ्रमणमा निस्केका हुन्। खाँडाचक्र नरपालिकाको नगरसभाबाट ५ लाख रुपैयाँ छुट्याइको थियो। सोही बजेट खर्च गरेर भ्रमण योजना तयार भएको खाँडाचक्र नगरपालिकाका कायकारी अधिकृत काशि पंगेनीले जानकारी दिए। जनप्रतिनिधिहरु भ्रमणमा गएकाले यर्थाथ कति खर्च हुन्छ भन्ने एकीन नभएको बताए। खाँडाचक्रका स्थानीयवासीले पनि भ्रमणप्रति आपत्ति जनाएका छन्। स्थानीय सरकार आएपनि सेवा दिने कर्मचारी नखटिदा सास्ती कायमै रहेको भन्दै स्थानीयले जनप्रतिनिधिहरु समेत लामो समयका लागि भ्रमणमा निस्किएपछि थप सास्ती भएको बताएका छन्।

## ह्यातुङलाई हराउदै............

गाउँपालिकाको नाम सोही झरनाबाट राखिएकाले पनि झरनाको बारेमा सत्यतथ्य प्राप्तिका लागि गत साउन ५ गतेदेखि ८ गतेसम्म पदयात्रा कार्यक्रमसहित नाप लिइएको उनको भनाइ छ।

**पर्यटन बोर्डमा सूचिकृत गर्ने तयारी**

पचालझरना अहिलेसम्म नेपाल पर्यटन बोर्डमा समेत सूचिकृत भएको छैन। अब झरनाको वास्तविक उचाई समेत पत्ता लागेकाले यसलाई नेपाल पर्यटन बोर्डमा सूचिकृत गर्ने तयारी भएको गाउँपालिका कार्यकारी अधिकृत छक्कबहादुर शाहीले बताए। पचालझरनाको पहिचानका लागि पनि दर्ता गराउनका लागि प्रकृया गाउँपालिका अध्यक्ष सेजुवालले अगाडी बढाएको शाहीले बताए। यसअघि स्थानीयले समिति बनाएर संरक्षणको काम गरेपनि औपचारिक रुपमा सूचिकृत गराउन कुनै पहल नभएको भन्दै उनले अब प्रकृया सुरु गर्ने बताए। सूचिकृत गरी यसको विकासमा लाग्छौं।

**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्याक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

Od]n ciaasurkhet@gmail.com

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ सरसफाई बारे............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्बन्धि सुरक्षित ब्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्बन्धि सुरक्षित ब्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धार स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्रीउत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

**फोन** : ०८७-४४०२४२

**इमेल** : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com

**कम्प्युटर अप्रेटर आवश्यकता**

**प्रकाशित मिति : २०७४।१२।०७**

बेस्ट कर्णाली मिडिया प्रा.लि.मा कम्प्युटर अप्रेटरको आवश्यक भएकाले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गर्न अनुरोध छ।

**पद** : कम्प्युटर अप्रेटर

**संख्या** : १ जना

**योग्यता** :

–प्रविणतापत्र तह (प्लस टु) उर्तिण गरेको
– सम्बन्धित क्षेत्रमा कतिमा पनि २ वर्ष काम गरेको अनुभव भएको
–विशेष गरी पेजमेकरमा सीप र अनुभव भएको
– पत्रिका सेटिङमा ज्ञान भएको
– कम्प्युटर (Ms\ Office) मा दक्षता भएको

सूचना प्रकाशन भएको एक हप्ता भित्र बेस्ट कर्णाली मिडियाको खाँडाचक्र नगरपालिका – १ मान्म बजारमार रहेको कार्यालयमा सम्पर्क गर्नहुन जानकारी गरिन्छ।

**नोट** : सूचि संक्षेपिकरणमा परेका उम्मेरद्धारहरुलाई मात्रै लिखित र अर्न्तवार्तामा सहभागि गराइने छ।

**सम्पर्क नम्बर** : ०८७– ४४०२४२

**इमेल ठेगाना** : bestkarnalimedia@gmail.com